TUTA/IOE/PCU

*Journal of the Institute of Engineering, 2017,* ***13(1):*** *239-242*

*© TUTA/IOE/PCU*

*Printed in Nepal*

# शिक्षा क्षेत्रमा फड्को मार्दै लुम्बिनी बौद्ध विश्वविद्यालय

**न्हुंछेनारायण श्रेष्ठ**

इन्जिनियरिङ्ग अध्ययन संस्थान, डीनको कार्यालय, त्रिभुवन विश्वविद्यालय, पुल्चोक, नेपाल

इ-मेलः *mr.nuchha@gmail.com*

***Received:*** *Nov 7, 2017* ***Revised:*** *Dec 17, 2017* ***Accepted:*** *Dec 20, 2017*

**सारांशः** शिक्षा देशको मेरुदण्ड हो। शिक्षाबिना कुनै पनि राष्ट, समाज अगाडी बढ्नसक्दैन्। देशका लागि आवश्यपर्ने जनशक्तिहरु उत्पादन गर्नका लागि उच्च शिक्षाको विकास हुनुपर्ने आवश्यकता रहेको छ। राष्ट्रिय शिक्षा पद्धतिको योजनाअनुरुप विद्यालयहरुमा दिइने शिक्षाको व्यवस्थागर्न बनेको ऐनलाई अक्षरसः पालना गर्दै अघिबढ्नुपर्ने आवश्यकता रहेको छ। ४ देशको आर्थिक, सामाजिक, प्राविधिक, सांस्कृतिक तथा प्रशासनिक क्षेत्रको समयानुकुल विकासका लागि नेपालमा रहेका विश्वविद्यालयहरुको महत्वपूर्ण स्थान रहेको छ। नेपालकै पुरानो विश्वविद्यालयको रुपमा त्रिभुवन विश्वविद्यालय रहेको र पछि गएर शिक्षामा गुणस्तर, बैज्ञानिकीकरण गर्दै अघि बढ्नका लागि खुल्ला, दूरशिक्षाका अलावा हालसम्म दश वटा विश्वविद्यालयहरु अस्तित्वमा रहेका छन्। त्रिभुवन विश्वविद्यालयको दांजोमा अन्य विश्वविद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीहरु अझै बढ्नसकिरहेका छैनन्। सबै विश्वविद्यालयहरुले शिक्षामा व्यापक सुधार गर्दै, शिक्षामा प्रतिस्पर्धा र एकता सहकार्य गर्दै विश्वविद्यालयहरुमा प्रविधियुक्त शिक्षाको थालनी, सेमेष्टर प्रणालीलाई व्यवस्थित र विस्तार तथा कार्यतालीका निर्माण गरेर परीक्षाफल समयमै प्रकाशित गर्ने जस्ता कार्यहरुलाई प्राथमिकतामा राखेर अघि बढ्नुपर्दछ।

## १. परिचय

देशको सर्वाङ्गीण विकासका लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न, स्तरयुक्त उच्च शिक्षा प्रदान गर्न, विविध पक्षमा अनुसन्धान गर्न, कला विज्ञान प्रविधि र व्यावसायिक क्षेत्रको ज्ञान र अनुसन्धानलाई व्यापक बनाउने उद्बेश्य सहित नेपालकै जेठो विश्वविद्यालयको रुपमा वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएको हो। उच्च शिक्षाको उन्नयनमा यस विश्वविद्यालयले अहम भूमिका खेलेको छ। २ त्रिभुवन विश्वविद्यालयले पांच अध्ययन संस्थान, चार सङ्काय र चार अनुसन्धान केन्द्रमार्फत उच्च शिक्षाको अध्यापन र अनुसन्धान कार्यलाई निरन्तरता दिंदै अघि बढीरहेको छ। त्रि.वि. अन्तर्गत ६० आंङ्गिक र एकहजार चौरासी सम्बन्धनप्राप्त गरी जम्मा एक हजार एक सय चौवालीस क्याम्पस संचालनमा रहेका छन्। ८ त्रि.वि. ले वि.सं. २०७१ देखि शिक्षाको गुणस्तर वृद्धिका लागि सेमेष्टर प्रणालीको शुरुवात गरेको छ केही बर्ष भित्र त्रि.वि. का सबै संकाय र अध्ययन संस्थानहरुमा लागु गर्ने नीति अवलम्बन गरेको छ। विभिन्न क्षेत्रहरुमा सम्बन्धित पदहरुमा माग भई आएको जनशक्ति आपूर्ति गर्ने हेतुले त्रि.वि. ले आफ्ना शैक्षिक कार्यक्रमहरुलाई पुनरावलोकन गर्दै समय सापेक्ष संशोधन समेत गर्दै आइरहेको छ। त्रि.वि. भित्रका आर्थिक, प्रशासनिक, भौतिक एवं प्राज्ञिक सुधार योजनाहरु र विश्वविद्यालयसंगका समस्याहरु समाधान गर्दै बैज्ञानिक र गुणस्तरीय शिक्षा प्रदान गर्ने बाटोमा अघि बढ्दै प्राज्ञिक स्वायत्तताको रक्षा गर्दै उत्कृष्ट शैक्षिक केन्द्रको रुपमा विकास गर्ने तर्फ ध्यान केन्द्रित हुनु जरुरी रहेको छ। त्रि.वि. सधैं कटिवद्ध भएर अघिबढ्नुपर्ने आवश्यकता रहेको छ। त्रि.वि. बाट

उत्पादीत दक्ष जनशक्तिहरु देशको सार्वजनिक संस्थान, वितिय संस्था, परराष्ट्र सेवा र राजनीतिमा सक्रिय भई सेवा गरिरहेका छन् ।

वर्तमान समयमा हामी कहां नौ वटा विश्वविद्यालयहरु त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, काठमाण्डौ विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, कृर्षि तथा वन विज्ञान विश्वविद्यालय, मध्यपवश्चिम विश्वविद्यालय, सुदुरपश्चिम विश्वविद्यालय सञ्चालनमा रहेका छन् ६ भने हालै मात्र नेपाल सरकारले राजर्षि जनक विश्वविद्यालय स्थापना गर्ने निर्णय गरेर विश्वविद्यालयको संख्या दश पु-याएको छ । त्रिभुवन विश्वविद्यालयले मात्रै नेपालका सम्पूर्ण विद्यार्थीहरुलाई समेट्न नसक्ने भएकै कारण हालसम्म  दश वटा विश्वविद्यालयहरु स्थापना भैसकेका छन् र ती विश्वविद्यालयहरु विश्वविद्यालय ऐन अन्तर्गत संचालन भएका छन् । स्थापना भएका प्रायः विश्वविद्यालयहरुले गुणस्तरीय र बैज्ञानिकका साथासथै प्राविधिक  शिक्षा प्रदान गर्नका लागि दतचित भएर लागीरहेका छन् र एकआपसमा प्रतिस्पर्धा समेत गरीरहेका छन् । यहांनेर लुम्बिनी बौद्ध विश्वविद्यालयको बारेमा स्पष्ट पार्ने जमर्को गरिएको छ ।

लुम्बिनी विश्वविद्यालयको सन् २००५ मा भएको हो । लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ अनुसार भगवान् गौतम बुद्धका उपदेशलाई विश्व शान्तिका लागि मार्गदर्शक सन्देशका रुपमा स्वीकार एवम् अनुशरण गरी शान्ति, बन्धुत्व, मैत्री तथा सद्भाव प्रवर्द्धन गर्न, शिक्षामा गुणस्तर कायम गरी बौद्ध दर्शन, साहित्य, शिक्षा र संस्कृतिको अध्ययन, अध्यापन र अनुसन्धान गर्नका लागि उच्च तहका शिक्षण संस्थाहरु संञ्चालन गर्न जनस्तर बाट लुम्बिनी बौद्ध विश्वविद्यालयको स्थापना र व्यवस्थागर्न वाञ्छनीय भएकोले प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो बर्षमा प्रतिनिधीसभाले यो ऐन बनाएको छ भनेर प्रस्तावनामा नै लेखिएको छ ।३ यस विश्वविद्यालयको कुलपति प्रधानमन्त्री, सहकुलपतिमा शिक्षामन्त्री र उपकुलपति रहने ब्यबस्था छ । नेपालमा विश्वविद्यालयहरु खेलीनु राम्रो हो । बुद्ध जन्म भूमि लुम्बिनीमा लुम्बिनी बौद्ध विश्वविद्यालय स्थापना गरेर बौद्ध धर्म, संस्कृति, कलालाई जीवनत राख्ने कार्यलाई सकारात्मक रुपमा लिदै नेपाल सरकारले विश्वविद्यालय स्थापनाका लागि पाइला चाल्नुलाई निःसन्देह सकारात्मक मान्नुपर्दछ । त्रि.वि. मा जस्तै यो विश्वविद्यालयले पनि सभा, प्राज्ञिक परिषद्, कार्यकारी परिषद्, संङ्काय, विद्या परिषद र क्याम्पस तथा अन्य पदाधिकारीहरुको व्यवस्था गरेको छ । उक्त ऐनको परिच्छेद २ मा विश्वविद्यालय सम्बन्धी व्यवस्था गरेको छ । उक्त ऐनको दफा ३ मा बौद्ध दर्शन, साहित्य, शिक्षा र संस्कृतिको अध्ययन, अध्यापन र अनुसन्धानका लागि उच्च तहका शिक्षण संस्थाहरु सञ्चालन गर्ने उद्धेश्य लिई केन्द्रिय कार्यालय लुम्बिनीमा रहने जनाएको छ भने दफा ४ मा विश्वविद्यालय अविछिन्न उतराधिकारवाला एक स्वाशासित सङ्गठित संस्था हुने, आफ्नो छुट्टै छाप हुने, विश्वविद्यालयले व्यक्तिसरह चल-अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले ब्यबस्थागर्न सक्ने र व्यक्ति सरह नालिस उजुर गर्न र विश्वविद्यालय उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्ने प्रावधान राखेको छ । दश वटा परिच्छेद भित्र ४३ वटा दफाको व्यवस्था लुम्बिनी विश्वविद्यालय ऐनले गरेको छ ।

**२. उद्धेश्य**

नेपालको सन्दर्भमा लुम्बिनी बौद्ध विश्वविद्यालय खोल्नु समग्रमा नेपाल र नेपाली दुबैको गौरबको विषय पनि हो । भगवान् बुद्ध जन्मेको पुण्य भूमिमा विश्वमा छरिएर रहेका कैयन बौद्धमार्गीहरुलाई एकत्रित गर्दै र नयां पुस्तामा बुद्ध सम्बन्धी ज्ञान दिन र बुद्धका ज्ञान, उपदेशहरुलाई छर्लङ्ग पार्न समेत लुम्बिनी विश्वविद्यालयले भूमिका खेल्नुपर्ने आजको आवश्यकता रहेको छ । लुम्बिनी बौद्ध विश्वविद्यालयका मुख्य उद्धेश्यहरु भन्नु नै भगवान गौतम बुद्धका उपदेशहरुलाई विश्व शान्तिका लागि मार्गदर्शक सन्देशका रुपमा स्वीकार एवं अनुसरण गरी शान्ति, बन्धुत्व, मैत्री तथा सद्भाव कायम गर्ने, गराउने, शिक्षामा गुणस्तर कायम गरी बौद्ध दर्शन, साहित्य, शिक्षा र संस्कृतिको अध्ययन, अध्यापन र अनुसन्धानका लागि सामुदायिकरुपमा उच्च तहका शिक्षण

संस्थाहरु संचालन गर्ने, बुद्धका शिक्षालाई मानव जीवनमा चरितार्थ गर्दै विश्वबन्धुत्व, सद्भाव र मैत्रीबाट प्रेरित, मुलुकको विकासका लागि दक्ष एवं प्रतिवद्ध जनशक्ति उत्पादन गर्ने, बौद्ध धर्म र दर्शनसंग सम्बन्धित विभिन्न भाषाको अध्ययन, अध्यापन र अनुसन्धान गराउने, लुम्बिनी क्षेत्रलाई विश्वभरका बौद्ध धर्म, दर्शन, संस्कृतिद्वारा निर्देशित राज्य व्यवस्था, अर्थतन्त्र र सामाजिक पक्षको अध्ययन, अध्यापन र अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने, बुद्ध र बुद्धसंग सम्बन्धित क्षेत्रमा धार्मिक पर्यटन बृद्धि गराउन र ती क्षेत्र एवं वरपरको क्षेत्रसमेतमा आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा सहयोग पु-याई क्षेत्रीय विकास अगाडी बढाउन र बौद्ध दर्शन र बौद्ध संकुतिक उच्च एवं विशिष्टीकृत अध्ययन अध्यापन र अनुसन्धानलाई सुदृढ र व्यापक बनाई लुम्बिनी कपिलबस्तुमा रामग्राम, देवदहलगायत नेपालको प्राय ऐतिहासिककालीन सभ्यता र इतिहासको साक्षीका रुपमा रहेका पूरातात्विक स्थलहरुको संरक्षण तथा सम्बर्द्धनको परम्परा कायम गर्ने लगायतका महत्वपूर्ण विशेषताहरु लिएर अघिबढीरहेको छ। लुम्बिनी बौद्ध विश्वविद्यालयले स्नातक र स्नातकोत्तर तहमा थेरबाद र महायान बौद्ध धर्म सम्बन्धी पढाई सञ्चान गरेको छ। लुम्बिनी बौद्ध विश्वविद्यालयले Bachelor is Sowa Rigpa Medicine-Himalayan Buddhist Medicine, BA in Buddhism and Humanities, PGO in Archaeology and Buddhist Archaeological sites को अध्यापन र MA in Theravada Buddhism, MA in Mahayan Buddhism, MA in Applied Buddhism, MA in Buddhism and Himalayan Studies, MA in Buddhism and peace studies / MA in Museology and Buddhist Collections संचालनमा रहेका छन् त्यस्तैगरी लुम्बिनी बौद्ध विश्वविद्यालयले MSc. In Disaster Risk Engineering Management / M.sc. in Construction Engineering Management को अध्ययन समेत सुचारु गरीसकेको छ। यस विश्वविद्यालयले आगामी बर्षहरुमा Bachelor in Buddhism and Travel and Tourism Management, PGO in Library, Information Science and Buddhist Archival Management, PGO in Traditional Nepalese Art र PGO in Yogic Science and Buddhism बिषयहरुको पढाई गरिने जनाएको छ। समग्रमा बौद्ध बिषयमा रहेको अन्यौल र अस्पष्टतालाई चिर्दै लुम्बिनी बौद्ध विश्वविद्यालयले समय सापेक्ष परिमार्जन गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्दै दक्ष प्राविधिक उत्पादन गर्ने र राष्ट्रको लागी आवश्यकपर्ने विभिन्न क्षेत्रहरुमा आफ्नो उपस्थिती जनाउने कार्य समेत गर्दै आईरहेको छ। लुम्बिनी बौद्ध विश्वविद्यालयले पि.एच.डी उपाधि हासील गर्न चाहनेहरुलाई समेत अवसर प्रदान गर्दै आइरहेको छ। सो विश्वविद्यालयले अहिले सम्म आठ वटा कलेजहरुलाई सम्बन्धन दिई अध्ययन अध्यापन कार्यलाई निरन्तरता दिंदै अघि बढीरहेको छ।

### ३. समस्या र समाधान

लुम्बिनी बौद्ध विश्वविद्यालयले बृहततर विकासका लागि मास्टरप्लानको व्यवस्था गरेको छ। उक्त विश्वविद्यालयले Academic Master plan, Human Resources Master plan / Infrastructure Master Plan को परिकल्पना गरेको छ। विश्वविद्यालयबाट उपाधि हासिल गरेका आफ्ना विद्याथीहरुलाई विश्व समाजमा प्रतिस्पर्धी र अब्बल प्रमाणित गर्नु लुम्बिनी विश्वविद्यालयसामु चुनौती रहेको छ । नेपालको संविधान २०७२ ले शिक्षा र रोजगारीलाई मौलिक हकको रुपमाा सनिश्चितता प्रदान गरेका कारण शिक्षा र रोजगारीबिचको सम्बन्धलाई कार्यान्वयनको दिशातर्फ लानु आवश्यक देखिन्छ।[१] शिक्षित र दिक्षित विद्यार्थीहरु सीप र प्रविधियुक्त हुनुपर्ने आजको आवश्यकता रहेको छ भने विशवविद्यालयहरुले पनि सोही बमोजिम आफ्नो पाइला चाल्नुपर्दछ । विश्वविद्यालयहरुभित्र हुने राजनैतिक हस्तक्षेप, नियुक्ति, शैक्षिक क्यालेण्डर अनुरुप विश्वविद्यालयहरु चल्नसक्नुपर्दछ होईन भने शिक्षा प्रदान गर्ने कुरा बालुवामा पानी हाले सरह नहोला भन्नसकिंदैन्। विश्वविद्यालयले ज्ञान-विज्ञान, प्रविधि, कल, साहित्य र संस्कृतिका अनन्त सम्भवनाहरुको खोज र विकासमा औपचारिक जानकारी र सीप प्रदान गरी मानिसको सिर्जनशील प्रतिभाको विकासमा सहयोग पु-याउंने हुंदा विश्वविद्यालयहरुले प्रदान गर्ने शिक्षा प्राविधिक, व्याहारमुखी, बैज्ञानिक र गुणस्तरीय हुनु जरुरी रहेको छ।[५] विश्वविद्यालयहरुमा प्रायजसो दूरदृष्टिको स्पष्टता, पाठ्यक्रम परिमार्जन, पदाधिकारी/शिक्षकको चयन, सञ्चालन विधि, क्यालेण्डर कार्यान्वयन, बिषयगत

पढाई, आत्मनिर्भरता र प्रतिस्पर्धी क्षमताको विकास जस्ता कमीकमजोरीहरुलाई सच्याउंदै अघिबढ्नुपर्दछ । लुम्बिनी बौद्ध विश्वविद्यालय अन्य विश्वविद्यालयहरु भन्दा पृथक बाटोमा हिंडिरहेको छ र बौद्ध धर्म, संस्कृति र कलाको जर्गेना गर्दै विश्वमा शान्ति, स्थायित्व, भातृत्व स्थापना गराउन सदैव कटिबद्ध भएर लागेको हुंदा यस विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरु बढ्दै गइरहेका छन र थप विद्यार्थीहरु समाहित गर्दै जाने बाटो अवलम्बन गर्नुपर्दछ ।

## ४. निष्कर्ष

बहुविश्वविद्यालयको अवधारणा अन्तर्गत खुल्ला विश्वविद्यालय र नयां विश्वविद्यालयहरु स्थापना हुने क्रम जारी नै रहेको छ । पछिल्लो समय लुम्बिनी बौद्ध विश्वविद्यालयले इन्जिनियरिङ्गका दुई प्राविधिक बिषयहरु राखी अध्ययन शुरु ग-यो तर यस्को चौतर्फी आलोचना विश्वविद्यालयले खेप्नुप-यो सिमित श्रोत र साधनका बाबजुद पनि प्राविधिक विषय पढाउन खोज्नु सकारात्मक होईन तर विश्वविद्यालयले ती विषयहरुको पढाईको लागि आवश्यकपर्ने प्रयोगशाला, दक्ष प्राध्यापक, कर्मचारीहरु लगायत भौतीक संरचनाहरुको समेत व्यवस्था नगरी अध्ययन अध्यापन शुरु गर्नु कतिसम्मको जायज हुनसक्छ? अर्कातर्फ लुम्बिनी बौद्ध विश्वविद्यालयको लक्ष्य, उद्धेश्य र कार्यक्रम भित्र इन्जिनियरिङ्ग पढाउने कुनै प्रावधान छ की छैन सो कुराको ध्यान दिइनुपर्दछ । लुम्बिनी बौद्ध विश्वविद्यालयले अन्य विश्वविद्यालयहरुको नक्कल गर्नु भन्दा पनि यथेष्ट प्रमाण र कानुनका आधारमा आफूलाई अरु भन्दा पृथक बनाउंदै अघि बढ्नु पर्दछ । प्रस्तावनामा एकथरी अनि व्यवहारमा अर्कोथरी हुंदा आम नागरिकहरु अलमलमा नपर्लान् भन्नसकिंदैन् । जेहोस् लुम्बिनी बौद्ध विश्वविद्यालयले सिमित श्रोत र साधनका बाबजुद् पनि प्राविधिक बिषयहरुको पढाईको थालनी गरेको छ जुन सकारात्मक रहेको छ र यस्लाई ब्यापक बनाउंदै बौद्ध अध्ययन बिषयलाई विद्यार्थीहरुको रोजाईमा पार्दै अन्य विश्वविद्यालयहरुसंग प्रतिस्पर्धामा जानसक्नुपर्दछ । बिशेषगरी बौद्ध धर्म, कला, संस्कृतिको जगेर्ना र संरक्षणका लागी लुम्बिनी बौद्ध विश्वविद्यालय सधै अघि बढीरहोस् । विश्वबाट बौद्ध विषय अध्ययन गराउने विद्यार्थीहरु भित्रयाउन पाईयोस् र बौद्ध धर्मको प्रचार प्रसार गरी बुद्ध जन्मभूमिलाई जीवन्तता दिनसकियोस् । लुम्बिनी बौद्ध विश्वविद्यालयको भावना र मर्मलाई चरितार्थ गराउनका लागि आम शिक्षक, कर्मचारी, प्राध्यापक वर्गका अलावा समस्त नागरि कहरु एकजुट भएर अघि बढ्नु जरुरी रहेको छ । शिक्षाको ज्योती फैलाई अन्धकारमुक्त समाज निर्माणका लागि लुम्बिनी बौद्ध विश्वविद्यालय सधैं अघि बढोस् । नेपाल सरकारले देशमा खोलीएका विश्वविद्यालयलाई विश्व बजारमा प्रतिष्पर्धा गर्नसक्ने दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्दै गुणस्तरीय र वैज्ञानीक शिक्षा प्रदानको लागि आवश्यक नीति निर्माण गरी अघि बढ्नुपर्दछ ।७ थप विश्वविद्यालयहरु स्थापना गरेर शिक्षा क्षेत्रको समस्या समाधान गर्नेतिर नलागी भएका विश्वविद्यालयहरुलाई अपडेट गर्दै राष्ट्रले लगानी गर्नसकेको खण्डमा शिक्षामा बृहत्तर हित हुने देखिन्छ ।

## सन्दर्भ सामंग्री


[१] नेपालको संविधान, २०७२

[२] त्रिभुवन विश्वविद्यालय ऐन, २०४९

[३] लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३

[४] शिक्षा ऐन, २०२८, संशोधन २०६३

[५] त्रि.वि. बयालिसौं दिक्षान्त समारोह पुस्तिकाहरु, २०७३।९।१४

[६] त्रि.वि. सेवा दिशानिर्देश २०७१

[७] त्रि.वि. शैक्षिक कार्यक्रमको पुनरावलोकन प्रा.डा. भिमदेव भट्ट, त्रि.वि. ५७ औं बार्षिक दिवस विशेषाङ्क २०७३

[८] त्रि.वि. सामाजिक अध्ययन र सार्वजनिक प्रशासन अक्षलोक प्रकाशन